

## १.पृष्ठभूमि :

सरसफाइलाई जनस्वास्थ्य, सामाजिक प्रतिष्ठा, विकास र संवृद्धिको आधारस्तम्भ मानिन्छ । यसले स्वस्थ, सभ्य र उत्पादनशील मानव विकासका साथै गुणात्मक जीवन निर्माणमा अमूल्य भूमिका खेल्दछ । सरसफाइको अभावमा दिगो विकासको परिकल्पना गर्न सकिदैन । नेपालका करीव ४३ प्रतिशत घरधुरीमा आधारभूत सरसफाइको सुविधा (चर्पी) रहेको छ । हाल सरसफाइ सुविधा प्राप्त गर्ने घरधुरी, समुदाय, विद्यालय सेवा क्षेत्र, गा.वि. स. को संख्या तीव्र रुपमा बढ्दो छ । यसै पृष्ठभूमिमा निर्दिष्ट र योजनाबद्ध तरिकाले सरसफाइको विकास र यसको गतिलाई व्यवस्थापन गर्नु पर्ने आवश्यकता सर्वत्र महशुस गरिएको छ ।

## २.औचित्य :

खानेपानी र सरसफाइ सेवाबीचमा रहेको विद्यमान अन्तरलाई घटाउदैं खानेपानी र सरसफाइ कार्यक्रममार्फत स्वास्थ्य स्थिति सुधार गर्ने, सरसफाइ सम्बन्धी पहिलो दक्षिण एशियाली सम्मेलन २००३ र अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ का प्रतिवद्धतालाई मध्यनजर गर्दै सरसफाइ प्रवर्द्धन सम्बन्धी सहस्राब्दी विकास लक्ष्य ( सन् २०१५ सम्ममा कम्तिमा पनि ५३% घरधुरीलाई आधारभूतस्तरको चर्पी सुविधा पुऱ्याउने) र राष्ट्रिय लक्ष्य (सन् २०१७ सम्ममा सबै घरधुरीलाई आधारभूत स्तरसम्मको सरसफाइको सुविधा (चर्पी) उपलव्ध गराउने )प्राप्त गर्ने सन्दर्भमा रहेका बाधा तथा चुनौतीहरुलाई मध्यनजर गर्दै विभिन्न तहका सरोकारवालाहरुले गरेका प्रयासहरुलाई मूलप्रवाहीकरण गर्ने हेतुले राष्ट्रिय सरसफाइ कार्य संचालन समितिद्धारा सरसफाइ गुरु योजना-२०६८ तयार गरिएको र यो गुरुयोजना नेपाल सरकारको मन्त्रीपरिषद्बाट मिति २०६८/०४/१९ मा स्वीकृत भएको छ । यसैगरी महामहिम राष्ट्रपति डा. रामवरण यादवद्वारा मिति २०६८।०६।१२ गते सार्वजनिक भएको हो ।

## ३. परिभाषित शब्दावलीहरु :

विभिन्न परिभाषित शब्दावलीहरु देहाय बमोजिम छन् :

- सुधारिएको सरसफाइ सुविधाः मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधालाई बुझिन्छ ।
- पूर्ण सरसफाइ : तोकिएको क्षेत्र (बस्ती, टोल, विद्यालय सेवा क्षेत्र, गा.वि.स, नगरपालिका तथा जिल्ला) मा विभिन्न सरसफाइका सुविधा र स्वच्छता प्रवर्द्धन तथा बानी व्यवहारमा विकास/परिवर्तनको माध्यमबाट सरसफाइयुक्त अवस्था हासिल गर्नु हो ।
- सरसफाइका सुविधाहरु बालमैत्री ,लैङ्गिक मैत्री र अपाङ्ग मैत्री हुनुपर्दछ ।
- अति गरिब घरधुरी :वर्षको ६ महिनाभन्दा कम अवधिको लागि खाद्य पर्याप्तता भएका घरधुरी ,दैनिक ज्याला, मजदुरी नै आय आर्जनको मुख्य स्रोत भएका घरधुरी ,महिला घरमुली भएको (एकल महिला लगायत) वा समुदायले छानेका अन्य सान्दर्भिक आधार/सूचकहरुका घरधुरी आदि ।
- सरोकारवालाहरु : राष्ट्रिय सरसफाइ निर्देशन समिति; राष्ट्रिय सरसफाइ समन्वय समितिका साथै , खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी क्षेत्रीय, जिल्ला, गा.वि.स. र न.पा. क्षेत्रका समन्वय समितिहरु, स्थानीय निकायहरु, विद्यालय, बालक्लव, खानेपानी तथा सरसफाइ उपभोक्ता आदि ।
- संयुक्त योजना/ कार्ययोजनाः सरसफाइ गुरु योजनाका मार्गदर्शक सिद्धान्त अनुरुप केन्द्रीय सरकार, स्थानीय निकाय, दातृ निकाय, सम्वद्ध अन्तर्राष्ट्रिय र गैरसरकारी संस्थाहरुले एकिकृत रुपमा पूर्ण सरसफाइका लागि योजना, कार्यक्रम, लगानी र कार्यान्वयन गर्न जिल्ला, न.पा. र गा.वि.स. तहमा बनाइने रणनीतिक योजना/कार्ययोजना हो ।
- सबै घरमा सरसफाइ (चर्पी) सुविधा : कुनै निश्चित क्षेत्रमा सत प्रतिशत घरधुरीमा चर्पी भएको अवस्था ।
- सरसफाइमा सबैको पहुँच :कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने सबै उपभोक्ताको चर्पीको सुविधामा पहुँचको अवस्था ।

## ४. लक्ष्य

सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरधुरीको आधारभूत स्तरसम्मको सरसफाइ सुविधा (चर्पी) मा पहुँच पुऱ्याई सरसफाइ ,स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउनु यस गुरुयोजनाको लक्ष्य रहेको छ ।

## ५.उद्देश्य :

सरकार, स्थानीय निकाय, राष्ट्रसंघीय निकाय, द्विपक्षीय निकाय, अन्तराष्ट्रिय/गैर सरकारी संस्था, विद्यालय, निजी संस्था, संचार माध्यम, नागरिक समाज संगठन, स्थानीय क्लबहरु तथा समुदायमा आधारित संस्थाहरुसँगको संयुक्त प्रयासबाट सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्य प्राप्त गर्न वातावरण निर्माण गर्नु गुरुयोजनाको मुख्य उद्देश्य हो ।

## ६. मार्गदर्शक सिद्धान्तहरु:

सरसफाइ प्रवर्द्धन कार्यक्रममा देहायका मागदर्शक सिद्धान्तहरुलाई अवलम्वन गर्नु गराउनु पर्दछ :

- कुनै पनि तोकिएको क्षेत्रमा सरसफाइ प्रवर्द्धन गर्नका लागि पूर्ण सरसफाइ पद्धतिको आधारभूत मापदण्डःखुला दिसा मुक्त अवस्था एक न्यूनतम आवश्यकताका रुपमा लागू हुनेछ ।
- सबै नयाँ, पुनर्स्थापित वा पुर्नसंरचीत गरिएका खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजनामा आयोजना अवधि भित्रै सो आयोजना क्षेत्रका सबै घरधुरीको सरसफाइका सुविधाहरुमा पहुँच हुनुपर्दछ ।
- समुदायलाई कम लागतका, स्वस्थ, उपयोग गर्न सजिलो र स्थानीय रुपमा उपयुक्त हुने, कम्तिमा पनि प्यानसीट सम्म स्थायी संरचना भएका, दिगो प्रकृतिका विभिन्न प्रकारका चर्पीहरुको छनौट गर्न सुसूचित गरिनेछ ।
- स्थानीय निकायहरु (जि.वि.स.,न.पा.र गा.वि.स.)को जिम्मेवारीमा संयुक्त योजना/कार्ययोजना मार्फत सरोकारवालाहरुको प्रयत्नलाई समन्वय गरी योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, निरन्तरता दिने, अनुगमन र मूल्याङ्कन गरीनेछ ।
- सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको सानो आधारभूत इकाई गा.वि.स.,न.पा. हुनेछन् तथापी खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्य वस्ती,विद्यालय सेवा क्षेत्र,वडा हुदै गा.वि.स./न.पा. र जिल्लासम्म विस्तार गर्न सकिनेछ ।
- सरसफाइ ,स्वच्छता प्रवर्द्धन गर्न र खुला दिसामुक्त अभियानलाई बढावा दिन सामुदायिक कोष स्थापना गर्न सकिनेछ ।
- समुदाय भित्रका सबै संस्थाहरु, विद्यालय तथा कार्यालयहरुमा स्वस्थकर चर्पीको व्यवस्था हुनुपर्दछ । चर्पी सम्भव भएसम्म प्रयोगकर्ता (बाल, लैङ्गिक र अपाङ्ग मैत्री) हुनुपर्दछ ।

- शहरी, नगरोन्मुख, जिल्ला सदरमुकामका क्षेत्रहरुमा बनाइने नयाँ संस्थागत भवनहरु, घर लगायत बस बिसौनी, स्थानीय हाट बजार, हाउजिङ्ग क्षेत्रमा अनिवार्य चर्पी निर्माण गर्नु पर्दछ ।
- सावुन पानीले हात धुने अभियान खानेपानी आयोजनाको एक अभिन्न अंग रहनेछ र सरसफाइ सम्बन्धी अन्य बानी व्यहोराको विकास गर्दै लैजानुपर्दछ ।

## ७ .कार्यक्रम संचालन रणनीतिहरु :

कार्यक्रम सञ्चालनका मुख्य रणनीतिहरुः सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय निकायको नेतृत्व; दिगो ,समावेशी र मागमा आधारित कार्यक्रम ;स्थानीय निकाय, सहयोगी संस्थाहरु र बहुक्षेत्रहरुसँग साझेदारी र समझदारीपत्र ; आर्थिक स्रोतको पहिचान र परिचालन; संचार,समन्वय र सहयोग; पैरवी, सामाजिक परिचालन; लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरण; आपत्कालिन पूर्व तयारी ; जलवायु परिवर्तन आदि हन् ।

## ८. आर्थिक स्रोतको पहिचान र परिचालन :

स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी सरसफाइको राष्ट्रिय लक्ष्य तथा सहस्राब्दी विकास लक्ष्य हासिल गरिनेछ । बाह्य स्रोत तथा सहयोगप्रतिको परनिर्भरता घटाउनका राष्ट्रिय सरसफाइ कोष, खानेपानी, सरसफाइ सम्बन्धी बजेट, गा.वि.स./न.पा, जि.वि.स.कोष, स्थानीय तहका संस्थाहरुको कोष आदि परिचालन गरिनेछ । चर्पी निर्माण गर्नका लागि कुनै पनि अनुदानको व्यवस्था गरिएको छैन तर विशेष वर्ग, समुह, क्षेत्रका लागि गाउँ तथा नगरपालीका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले निर्णय गर्ने छ । यसका लागि चक्रकोषको व्यवस्था गरिएको छ ।

## ९. संयुक्त कार्ययोजनाको ढाँचा :

सरसफाइ गुरु योजनाका मार्गदर्शक सिद्धान्त अनुरुप सरोकारवालाहरुले पूर्ण सरसफाइका एकीकृत कार्यक्रमहरु योजना, तर्जुमा गरी, लगानी र कार्यान्वयन गर्न जिल्ला, न.पा. र गा.वि.स. तहमा बनाइने रणनीतिक योजना/कार्ययोजनाको ढाँचा नै संयुक्त कार्ययोजनाको ढाँचा हो । सरसफाइ प्रवर्द्धनका सरोकारवालाहरुद्वारा देहायको संयुक्त कार्ययोजनाको ढाँचालाई अवलम्बन गरिनेछः १) पृष्ठभूमि (२)जिल्ला,न.पा.तथा गा.वि.स.छोटकरीमा परिचय (३) समस्या विश्लेषण (४)स्रोतको नक्शांकन तथा सरोकारवालाहरुको विश्लेषण (५) अवरोध तथा चुनौतीहरु (६) सोच ७) लक्ष्य (८) उद्देश्य (९) मूल्य मान्यता तथा कार्यान्वयन रणनीतिहरु (१०) कार्यक्रमको पद्धति (११) रणनीतिक क्रियाकलाप (१२) नक्सा नं. सहितको श्रोत व्यवस्थापन (१३) सरोकारवालाहरुले भूमिका र उत्तरदायित्व (१४) कार्ययोजना ।

## १०. समन्वय गर्ने संयन्त्र तथा सरोकारवालाहरुको भूमिकाः

सरसफाइ कियाकलाप प्रवर्द्धन गर्नका लागि केन्द्रदेखि स्थानीय निकायसम्म देहायबमोजिमका समन्वय संयन्त्र तथा संरचना रहने व्यवस्था छ : राष्ट्रिय सरसफाइ निर्देशन समिति, राष्ट्रिय सरसफाइ समन्वय समिति, क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, जिल्ला खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति, न.पा.र गा.वि.स. खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति लगायत विद्यालय तथा समुदाय तहका संयन्त्र तथा सरोकारवालाको भूमिकाहरु समेतको व्यवस्था गरिएको छ ।

**राष्ट्रिय सरसफाइ निर्देशन समिति** (भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बाल बालिका तथा समाज कल्याण मंत्रालय र वातावरण मन्त्रालय)

⇧

**राष्ट्रिय सरसफाइ समन्वय समिति**

⇧

**क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति**

⇧

**जिल्ला खानेपानी , सरसफाइ तथा स्वच्छता समन्वय समिति**

⇧

**न.पा.र गा.वि.स. खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति**

⇧

**गा.वि.स./न.पा. तहका कार्यक्रम**

⇧

**विद्यालय तथा समुदाय तहका कार्यक्रम**

## ११. कार्य योजनाका चरण

सरसफाइ प्रवर्द्धन गर्नका लागि देहायका चार तहमा चरणबद्ध कार्यहरु गर्नु पर्ने सोच लिईएको छ ।

**चरण १ : संस्थागत व्यवस्था**
**चरण २ : योजना र कार्यक्रम तर्जुमा**
**चरण ३ : खुला दिसा मुक्त अभियान र बानी व्यवहार परिवर्तन/विकास**
**चरण ४ : खुला दिसा मुक्त अवस्था पछिको अभियान (पूर्ण सरसफाइ)**

## १२. अनुगमन तथा अभिलेखीकरणः

सरसफाइ प्रवर्द्धन कार्यक्रमलाई उपलब्धीमूलक, प्रभावकारी ,दिगो र सफल बनाउन विभिन्न तहमा अनुगमन संयन्त्रको व्यवस्था, समन्वय समितिको नेतृत्व, तथ्याङ्क संकलन, प्रमाणीकरण र अभिलेखीकरण, अनुगमन टोली गठन र परिचालन आदिको व्यवस्था गरिनेछ ।


खानेपानी तथा ढल निकास विभाग
वातावरणीय सरसफाइ तथा दैवी प्रकोप व्यवस्थापन शाखा
पानीपोखरी, काठमाडौं
फोन नं.: ४४१३६७०, फ्याक्सः ४४१९८०२
ई–मेलः dwssesdms@gmail.com, info@sanitation.gov.np
Website: www.sanitation.gov.np


सफा रहौं, स्वस्थ बनौं ।
राष्ट्रिय सरसफाई समन्वय समिति नेपाल

# नेपाल सरकार
# सरसफाइ गुरुयोजना, (२०६८-२०७३) को सारांश

